## के पावल एक महिला प्रतिबन्धक वा महिला उद्धारक थिए ?

**एक उद्धारक!** पावल सारा संसारले येशूलाई चिनेको होस् भन्ने कुरामा जेशिलो थिए। चर्चको सबैभन्दा फलदायी मिसनरीको रूपमा, उनी थप कामदारहरू चाहन्थे। एक ज्वलन्त प्रचारकको रूपमा, पावलले सुसमाचार बढाउन धेरै जना बाहिर निस्केको चाहन्थे। आत्माको अगुवाइ पाएको एक सशक्तिकरण गर्ने व्यक्तिको रूपमा, उहाँले कुनै पनि विश्वासीमा भएको पवित्र आत्माको वरदानलाई अनादर गर्न र निभाउन अस्वीकार गरे। एक बुद्धिमान बिचारक र रणनीतिकारको रूपमा, पावलले 'फूटबल टोलीका आधा खेलाडीहरूलाई बस्न लगाएर' मूर्खतापूर्ण काम गरेन। एक चरम सतावट पाएको भावी शहीदको रूपमा, उनलाई 'अझै कष्ट थप्ने' खराब मनसाय भएकाहरूको बीचमा पनि, सुसमाचार बढ्दा उनी रमाए। झ्यालखानामा बाँधेर राख्दा, पावलले फिलिप्पी १:१७–१८ मा उल्लेखित् निष्कर्ष निकाले:

> मुख्य शब्द
>
> **συνεργός**
>
> *syn* *सिन* = समान, *ergos* *अर्जस* = शक्ति     समकर्मी

*"जे होस्, मूल कुरो यही हो हरकिसिमले, चाहे बहानामा,*

*चाहे सत्यमा ख्रीष्टको प्रचार गरिओस्, र यसैमा म रमाउँछु।"*

एक प्रशिक्षित धर्मशास्त्रीय लेखकको रूपमा, पावलले खेतालाहरूको प्रशंसा गर्न, कामदारहरूको सम्मान गर्न, झूटा शिक्षकहरूको लागि ढोका बन्द गर्न र ईश्वरीय व्यक्तिहरूको लागि ढोका खोल्न आफ्ना शब्दहरू होसियारीपूर्वक प्रयोग गरे। पावलले थप भरपर्दो र गुणात्मक शिक्षकहरू चाहन्थे! ("के २-२-२ सिद्धान्त"ले महिला शिक्षिकाहरूका लागि ढोका खोल्छ? एक पृष्ठ हेर्नुहोस्।)

**पुरूष वा स्त्री सेवकहरूको बारेमा बोल्दा पावलले कुन शब्दहरू प्रयोग गरे?**

आफ्ना लेखाइहरूमा, पावलले सेवकाईमा संलग्न ३९ जना मानिसहरूको पहिचान गरेका छन्। उनले २२ पुरूष र १७ स्त्रीलाई समान रूपमा उल्लेख गरेका छन्। उनले तिनीहरूलाई या त *सिनर्जस (synergos)* (सहकर्मी) अथवा *कोपियाओ (kopiao)* (कामदारहरू) भन्नुभयो, उही शब्दहरू प्रयोग गरेर उनका पुरूष सहकर्मी  र स्त्री सहकर्मीहरूलाई उल्लेख गरे।

रोमी १६:३

"प्रिस्का र अकिलास, ख्रीष्ट येशूमा मेरा सहकर्मीहरूलाई अभिवादन।"

रोमी १६:१२

"प्रभुमा परिश्रम गर्ने त्रुफेना र त्रोफोसालाई अभिवादन भनिदेओ। प्रभुमा अत्यन्तै परिश्रम गर्ने प्रिय परासीसलाई अभिवादन भनिदेओ।"

> मुख्य शब्द
>
> **κοπιάω**
>
> *कोपियाओ* = कामदारहरू

फिलिप्पी ४:३

"विश्वासी सहकर्मी, म तिमीलाई पनि अनुरोध गर्दछु, कि यी स्त्रीहरूलाई मदत गर, किनकि यिनीहरूले मेरो साथसाथै सुसमाचारको काममा क्लेमेससँग र मेरा अरु बाँकी सहकर्मीहरूसँग परिश्रम गरेका छन्, जसका नाउँ जीवनको पुस्तकमा छन्।"

**फिबी...केवल एक सहयोगी थिइन् वा त्यो भन्दा बढी?**

पावलले धर्म-सेविका फिबी (रोमी १६:१-२)लाई सिजरजस्तै महान अगुवालाई वर्णन गर्नको लागि प्राय: प्रयोग हुने शब्दको साथ वर्णन गरे। उनको महत्वपूर्ण प्रभावको कारण, पावलले उनलाई प्रोस्टेटिस (ठूलो सहायता)को रूपमा वर्णन गरे। यस शब्दको लागि अन्य परिभाषाहरू समावेश छन्: अधिवक्ता, परोपकारी, संरक्षक। पावलले सार्वजनिक रूपमा आफू र किंक्रिया चर्चप्रति उनको सेवाको सम्मान गरे।

> मुख्य शब्द
>
> **προστάτις**
>
> प्रोस्टेटिस = ठूलो सहायता, परोपकारी

## निष्कर्ष

पावलले महिलाहरूलाई घृणा वा सीमित गरेनन्। उनले तिनीहरूलाई सम्मान, प्रोत्साहन र भरोसा गरे। उनले पुरूष सेवकहरू जस्तै उनीहरूको व्याख्या गर्न उही शब्दहरू प्रयोग गरे। हामी पावललाई व्यक्तिगत रूपमा भेट्न आतुर छौं।

**महिला सहकर्मी र साथीहरूलाई पावलले सकरात्मक रूपमा उल्लेख गरेका छन्।**

अप्फिया (फिलेमोन १:२), क्लोएका (१कोरिन्थी१:११), क्लाउडिया (२ तिमोथी४:२१), युनिस (२ तिमोथी १:५), इयोदिया -फिलिप्पी ४:२-३), युलिया (रोमी १६:१५), युनियस (रोमी १६:७), लोइस (२ तिमोथी १:५), मरियम (रोमी १६:६), नेरियस र तिनकी बहिनी (रोमी १६:१५), नुम्फास (कलस्सी ४:१५), परसीस (रोमी १६:१२), फिबी (रोमी १६:१-२), प्रिस्का (रोमी १६:३-५, कोरिन्थी १६:१९, २ तिमोथी ४:१९, प्रेरित १८:१-३,१८,१९,२६), रूफसकी आमा (रोमी १६:१३), सन्तुखे -फिलिप्पी ४:२-३), त्रुफेना (रोमी १६:१२), त्रोफासा (रोमी १६:१२), साथै लिडियालाई प्रेरित १६:१३-१५,४०मा उल्लेख गरिएको छ।

### ४ महत्वपूर्ण प्रश्नहरू

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com